# आर्थिक वर्ष २०८२/८३ को
# नीति तथा कार्यक्रम

**नगर सभा सदस्यज्यूहरुः-**

विकास निर्माणका लागी नगरवासीहरुका ईच्छा, चाहना र आवश्यकता असिमित छन भने अर्कोतिर हामिसँग भएको सिमित श्रोत र साधनलाई समायोजन गरि अगाडी बढ्नु बाहेकको विकल्प छैन। संघीय सरकार तथा प्रदेश सरकारबाट उपलब्ध गराइने बजेट सिलिङ अनुसार प्राप्त हुनुपर्ने समानीकरण र राजश्व बाँडफाँटको रकम तोकिए वमोजिम प्राप्त नहुनु, नगरपालिकाको आन्तरिक आम्दानीमा समेत लक्ष्य अनुसारको उपलब्धी हासिल गर्न नसकिएकोले चालु आर्थिक वर्षमा पालिकाले अवलम्वन गरेका कतिपय नीति तथा कार्यक्रमहरु कार्यान्यवन लैजान नसकिएको यथार्थताका वावजुद यस आर्थिक वर्षको जेष्ठ मसान्तसम्म हामीले हासिल गरेका महत्वपूर्ण उपलब्धीलाई संक्षिप्त रुपमा यस सभामा प्रस्तुत गर्न अनुमती चाहन्छु।

१. भीरकोट नगरपालिकाको रणनीतिक सडकको रुपमा रहेको बयरघारी बानेथोक देउराली विरुवा सडक संघ र प्रदेश सरकारको सहयोगमा चालु आर्थिक वर्ष २०८१/८२ मा करिब १५०० मिटर स्तरोन्नती गर्ने कार्य भइरहेको छ ।

२. नेपाल सरकार संघीय समपुरक अनुदानबाट यस आर्थिक वर्षमा बयरघारी मोहनडाँडा ठुली भञ्याङ पर्वत सडकको करिब २ किलोमिटर कालोपत्रे गर्ने काम सम्पन्न भएको छ ।

३. गण्डकी प्रदेश समपुरक अनुदान शिर्षकबाट सुन्दरबजार स्वरेक मैदान पर्यटकीय सडक मर्मतको लागि ६० लाख रकम निकासा भएकोमा नगरपालिकासंगको साझेदारीमा करिब ८५० मिटर सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको छ ।

४. संघीय विशेष अनुदान शिर्षकबाट आँधिखोला नदी नियन्त्रणको लागि १०५० मिटर र प्रदेश सरकारसंगको सहकार्यमा करिब १२०० मिटर गरी जम्मा २२५० मिटर तटबन्धन गर्ने काम सम्पन्न भएको छ ।

५. संघीय विशेष अनुदान कार्यक्रमको एकिकृत कृषि विकास कार्यक्रम शीर्षकबाट कृषकहरुलाई मिनि टिलर बितरण, पशुस्वास्थ्य शिविर संचालन, पशुहरुको लागि अत्यावश्यक औषधी खरिद र कृषि तालिम लगायतका कार्यक्रम सम्पन्न भएका छन् ।

६. सहरी बिकास तथा भवन निर्माण कार्यालय कास्कीबाट प्रगतिटोल देखि सुन्दरबजार सम्मको सडक, बयरघारी ठाडोलाइन देखि जोगखोलासम्मको सडक स्तरोन्नती गर्ने र भीरकोट पार्कमा पोखरी निर्माण गर्ने कार्य संचालन भइरहेको छ ।

७. गण्डकी प्रदेश विशेष अनुदान शिर्षकबाट भीरकोट पार्कमा Swimming Pool निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

८. संघीय र प्रदेश सरकारको लगानीमा हेलु खिलुङ सडक अन्तर्गत २. ५० किलो मिटर सडक स्तरोन्नती गर्ने काम संचालन भइरहेको छ ।

९. नगरपालिकाको वडा स्तरीय र नगरस्तरीय आयोजनाबाट करिब २८०९ मिटर सडक पि सि सि गर्ने काम सम्पन्न भएको छ ।

१०. वडास्तरीय आयोजनाबाट चालू आर्थिक वर्ष २०८१/८२ को जेठ मसान्तसम्म करिव ८५० मिटर पदमार्ग निर्माण गर्ने काम सम्पन्न भएको छ ।

११. यस नगरपालिकाको कृषि विकास कार्यक्रमवाट गहुँको विउ वितरण, कृषकको माग अनुसार विभिन्न जातको आलूको विउ र धानको विउ वितरण गर्ने काम सम्पन्न भएको छ । साथै फलफुलका विरूवा वितरण र मिनि टिलर खरिद गर्ने काम संचालन भइरहेको छ ।

१२. पशु सेवा कार्यक्रमवाट मेडिकल उपचार, बन्ध्याकरण सेवा, गोबर परीक्षण, थुनेलो परीक्षण, कृत्रिम गर्भाधान सेवा, खोप सेवा र औषधी वितरण गर्ने काम सम्पन्न भएका छन् ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी सिर्जना तथा सार्वजनिक विकास निर्माणका आयोजनाहरु ३१ वटा संचालन भइरहेकोमा ९ वटा आयोजनाहरुको रकम भुक्तानी भइसकेको र २२ वटा आयोजनाहरुको भुक्तानी अन्तिम चरणमा रहेको साथै ४० जनालाई कार्यस्थलमा आधारित ५० दिने सिप तथा क्षमता विकास तालिम सम्पन्न भइसकेको छ ।

१४. सामाजिक सुरक्षा तथा घटनादर्ता कार्यक्रमबाट तेस्रो त्रैमासिक अवधिसम्मको लागि कुल १३३०४ लाभग्राहिको लागि १३ करोड ३ लाख ८४ हजार ७ सय ८२ रकम सम्बन्धित लाभग्राहीको बैंक खातामा जम्मा गरिएको छ ।

१५. यस नगरपालिकाको आन्तरिक आम्दानीको लागि चालू आर्थिक वर्ष २०८१/८२ मा ५,३७,७०,१३० रकम राजश्व अनुमान गरिएकोमा हालसम्म ५,२०,४०,००० रकम जम्मा भई ९६.८० प्रतिशत प्रगति प्राप्त भएको छ ।

१६. बालमैत्री कार्यक्रमबाट नियमित बालसञ्जालका बैठकहरुमा सम्पन्न भएका, लागु औषधी दुर्व्यसनी र बालविबाह, आत्महत्या निरुत्साहित सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको, विद्यालयमा शैक्षिक क्यालेन्डर अनुसार हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता कार्यक्रम संचालन गरिएको, विभिन्न वडाहरुमा विपन्न बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरिएको साथै विभिन्न विद्यालयका शिक्षक एवं विद्यार्थीहरुलाई सम्मान गरिएको ।

१७. यस नगरपालिकाको न्यायीक समितिमा २१ वटा निवेदन दर्ता हुन आएकोमा १५ वटा निवेदनहरुको विवाद समाधान गरी ६ वटा विवादहरुका निवेदनको समाधान गर्ने प्रकृयामा रहेको छ ।

<u>नगर सभा सदस्यज्यूहरु</u>

नेपालको संबिधानले अङ्गिकार गरेको राज्यका निर्देशन सिद्धान्त र नीति, संघीय तथा प्रदेश सरकारले अवलम्वन गरेका नीति तथा कार्यक्रमहरु, १६औं पञ्चवर्षीय योजना, नगरपालिकाको ५ वर्षे आवधिक योजना, राजश्व परामर्श समिति, श्रोत परिचालन समिति, बिषयगत समितिहरु, नगरपालिकाको आन्तरिक आम्दानी र संघीय तथा प्रदेश सरकारबाट उपलब्ध हुने समानीकरण, राजश्व र शशर्तका कार्यक्रमहरु, नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, उद्योग बाणिज्य संघका पदाधिकारीहरु र सरोकारवाला सम्पूर्ण नगरवासीहरुको राय, सल्लाह सुझाव तथा परामर्श समेतलाई मध्येनजर गरी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

<u>नगर सभा सदस्यज्यूहरु,</u>

अब म **“सम्वृद्ध भीरकोटको आधारः कृषि पर्यटन आधीखोलाको उपहार”** भन्ने मूल नारालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकासः-**

१. नगरपालिकाको मुख्य बजार बयरघारी देखि सुन्दर बजार-मोहनडाँडा - ठुली भञ्ज्याङ - हातेमालो चोकसम्म र बयरघारी - बानेथोक देउराली - बिरुवा जोड्ने मुख्य दुई वटा रणनैतिक सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिई आगामी आर्थिक वर्ष २०८२/०८३ मा समेत निरन्तरता दिईनेछ ।

२. नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउनका आवश्यक मर्मत सम्भार एवं संरक्षण गर्ने कार्य अगाडी बढाइने छ ।

३. आगामी आर्थिक वर्ष भित्र मानवीय तथा प्राकृतिक कारणले हुन सक्ने क्षतिका कारण गर्नुपर्ने पूर्वाधार विकाससंग सम्बन्धित कार्य गर्नका लागी नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम शिर्षकमा आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।

४. नगर स्तर तथा वडा स्तरबाट संचालन हुने विकास निर्माणका कार्य दिगो टिकाउ र आम सर्वसाधारणले अनुभूती गर्ने खालको बनाउनका लागी प्रत्येक वडाका सहायक मार्गहरुलाई स्तरोन्नती गरी पक्कि सडक बनाउन आवश्यक पर्ने स्रोतको व्यवस्था मिलाईनेछ ।

५. वाढी पहिरो लगायत अन्य कारणले वर्षायाममा सडक यातायातमा हुने अवरोधलाई न्यूनिकरण गरी १२ महिना सवारी साधन आवतजावतलाई निरन्तरता दिन सडकको सरसफाई र मर्मत सम्भार गर्ने व्यवस्था मिलाईनेछ।

६. वडा स्तरबाट संचालन हुने आयोजना वडा स्तरीय वासिन्दाको मुख्य प्राथमिकता र आवश्यकतालाई सम्वोधन गर्ने गरि कार्यान्यिवन गर्ने व्यवस्था मिलाईनेछ ।

७. नगरपालिकाको वडा नं. १ बयरघारी बजारको सिसौंघारीमा अवस्थित भीरकोट खेल मैदान र त्यसको स्तरोन्नती तथा विस्तार गर्ने कार्य आगामी आर्थिक वर्षमा पनि प्रदेश सरकरको समन्वयमा निरन्तरता दिने व्यवस्था मिलाइनेछ।

८. नगरवासीहरुलाई खानेपानीको सहज पहूँच, गुणस्तर सुधार, खानेपानी पाईपलाईनको विस्तार, मुहानको संरक्षण र खानेपानी टयांकी निर्माण तथा मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ ।

९. नगरपालिकामा बजार भित्र रहेका सडकहरु स्तरोन्नती गर्नको लागि सम्बन्धित उपभोक्ताहरुको नगद लागत साझेदारीमा ३०/७० को कार्यक्रम अगाडी बढाइनेछ ।

**आर्थिक विकासः-**

१०. संघीय आयोजना कार्यान्यवन इकाई कास्कीबाट वहुवर्षिय आयोजना अन्तर्गत आगामी आर्थिक वर्ष देखि भीरकोट पार्कमा निर्माण हुन गईरहेको तालको विचमा मन्दिर निर्माण गर्ने काम सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

११. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्रमा रहेका बेरोजगार युवा युवतिहरुलाई रोजगारी सृजना हुने खालका श्रममूलक आयोजनाहरु छनौट गरी संघीय सरकारबाट उपलब्ध गराइने

कार्यविधि अनुसार कार्यान्वयन गरिनेछ । यस्तो कार्यमा नगरपालिकाबाट बस्तुगत सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. संघीय शसर्त अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका तरकारी तथा फलफुलको बिउ तथा बेर्ना, उन्नत जातको खाद्यान्न बालीका बिउ वितरण गर्ने, मत्स्य तथा पशुपंक्षीको तथ्यांक संकलन गर्ने र कृषिलाई क्रमशः व्यवसायीकरण तथा यान्त्रिकरण गर्दै लैजानको लागी आवश्यक पर्ने मेशिनरी सामानहरु ५०% अनुदानमा उपलब्ध गराउने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने व्यवस्था मिलाइनेछ, साथै बगैचा ब्यवस्थापनको लागि तालिमको व्यवस्था गरिनेछ ।

१३. पशुपालन व्यवसायमा संलग्न किसानको जीविकोपार्जन र पशुपालन व्यवसायलाई क्रमशः पशुपालन उद्योगको रुपमा विकास गर्नका लागी संघीय शसर्त अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट उन्नत जातका नश्ल उपलब्ध गराउने र नयाँ भैसी तथा गाईपालक कृषकहरुको समूह गठन गरी उन्नत जातका गाई भैसी र आवश्यक उपकरणहरु ५०% अनुदानमा उपलब्ध गराउने, गाईपालन व्यवसायमा संलग्न कृषकहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउँदै आएको दुध ढुवानीको निरन्तरता दिइनेछ।

१४. संघीय शसर्त अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट वितरण गरिएका कृषि तथा पशुपालनजन्य मेशिनरी तथा औजारहरुको सही सदुपयोग गरे वा नगरेको अनुगमन गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ । अनुगमनका क्रममा त्यस्ता मशिनरी औजार तथा अन्य सामानहरु दुरुपयोग गरेको पाइएमा सम्बन्धित किसानहरुबाट अनुदानमा उपलब्ध गराइए बराबरको रकम असुल उपर गर्ने व्यवस्था मिलाइनेछ ।

१५. बन्यजन्तुका कारण कृषिमा पर्न गएको असरलाई न्यूनिकरण गर्न बाँस लगायतका कु-काठ कटान गर्न प्रत्येक वडा कार्यालयहरुलाई १/१ थान रुख काट्ने आरा मेशिन उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१६. पेट्रोल तथा डिजेलबाट संचालन हुने पम्पको प्रयोगगरी सिचाई गरेका कृषकहरुलाई सहुलियतस्वरुप पेट्रोल तथा डिजेलमा ५०% अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१७. बयरघारी सहलगानी खानेपानी आयोजनाबाट बजार क्षेत्रमा वितरण गरिएको खानेपानीलाई पिउनयोग्य बनाई बजारवासीलाई शुद्ध पिउने पानीको सुनिश्चितताका लागी संघ तथा प्रदेश सरकारसंग समन्वय तथा सहकार्य गरिनेछ।

१८. संघीय सरकार र प्रदेश सरकारको समन्वयमा आधिखोला नियन्त्रण गरी कृषियोग्य भूमिको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१९. नगरक्षेत्र भित्रका सार्वजनिक वा नीजि जग्गामा रहेका खानेपानीका मूलहरुको संरक्षण गरी सार्वजनिक उपभोगमा सबैको पहुँच पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

२०. आँधिखोला बाहेकका अन्य क्षेत्रमा रहेका ढुंगा, गिट्टी, बालुवा, चुनढुङ्गा जस्ता नदीजन्य सामाग्रीहरुको गुणस्तर कायम गरी निर्माणजन्य सामाग्रीका प्रयोगकर्ताहरुलाई राजश्वको दायरामा ल्याउने नीति लिइनेछ।

२१. संघीय विशेष अनुदान र प्रदेश सरकारबाट आँधीखोला नियन्त्रणका लागी गरिने तटवन्धन कार्यमा आवश्यकता अनुसार सहकार्य र सहलगानी गर्ने व्यवस्था मिलाईनेछ ।

२२. नगरपालिका भित्रका किसानहरुको पहिचानगरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुबिधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न किसानहरुको आवश्यक विवरणहरु विद्युतिय प्रणाली मार्फत संकलन गरिदै आएको किसान सूचीकरण कार्यक्रम लाई निरन्तरता दिइनेछ।

२३. भीरकोट नगरपालिका भित्रको कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन सम्बन्धी तथ्यांक अद्यावधिक कार्यलाई थप प्रभावकारीताका साथ अगाडी बढाईनेछ ।

२४. नगरपालिकाको आन्तरिक आम्दानी क्रमशः बढाउदै लग्नका लागी स्वरेक मैदानमा निर्मित संरचना भाडामा दिने, त्यसको प्रवेश शुल्क र पिकनिक लगायतका गतिविधि गर्दा नगरसभाबाट स्वीकृत भएको सेवा शुल्क लिने र  सिटिहल प्रयोग गरेवापतको भाडा, भीरकोट पार्क, सरसफाई केन्द्र, सुन्दरचौर वनस्पती केन्द्रमा लिइने सेवाशुल्कमा नगरसभाले तोके बमोजिम बाहेक छुट नदिने नीति लिइनेछ ।

२५. नगरपालिका अन्तर्गत आन्तरिक पर्यटकीय स्थलका रुपमा रहेका भीरकोट पार्क, गडहरे गुफा, स्वरेक मैदान, सुन्दरचौर लगायतका पर्यटकीय स्थलहरुलाई थप व्यवस्थित बनाउनका लागी आवश्यक संरचनाहरु क्रमशः निर्माण गर्दै जाने व्यवस्था मिलाईने छ।

२६. भीरकोट नगरपालिका र हेफर प्रोजेक्ट नेपालको सहलगानीमा यस नगरपालिकाका कृषकसमुहहरुको लागि दुध तरकारी र बाख्रापालन सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२७. नगरपालिका क्षेत्रभित्रका किसानहरुका पशुपंक्षीहरुको रोगको उचित निदान गरी समयमै रोकथाम र नियन्त्रण गर्नको लागि भेटेरिनरी डेस्पेन्सरी र प्रयोगशाला निर्माण लगायतका पूर्वाधारको व्यवस्थापन गरिनेछ।

## <u>वातावरण तथा विपद् व्यवस्थापन</u>

२८. नगरपालिका भित्र मानव स्वास्थ्य र पशुपन्छीमा फैलन सक्ने महामारी जन्य विपदको पूर्व तयारी रोकथाम र उपचारका लागी आवश्यक पर्ने मेशिनरी औजार तथा औषधीको व्यवस्थापन गर्ने नीति लिइने छ ।

२९. नगर क्षेत्र भित्र हुन सक्ने दैविक प्रकोपको रोकथाम लगायतका कार्य गर्नका लागी आवश्यक सामाग्रीको वितरण तथा कार्यविधि अनुसारको आर्थिक सहयोग उपलव्ध गराउनको लागि आवश्यक पर्ने रकम व्यवस्था गरिनेछ ।

३०. गर्मियाममा वनजंगलमा डढेलोको कारण हुने क्षतीको न्यूनिकरण गर्न अग्नि रेखा कोर्नुका साथै समुदायस्तरमा विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गर्न नीति लिइनेछ ।

३१. नगरक्षेत्र भित्र रहेका सामुदायिक, नीजि र सरकारी वन पैदावारहरुको उचित व्यवस्थापन र उपयोगका लागी स्थानीय कानून निर्माण गरी वन पैदावारलाई आयआर्जन संग आवद्ध गरी राजश्वको दायरामा ल्याउने नीति लिइनेछ ।

३२. नगर क्षेत्रभित्रका ग्रामिण क्षेत्रहरुमा भौतिक निर्माणसंग सम्बन्धित कार्यहरु गर्दा वन पैदावारको उपयोग समेतका स्थानीय निर्माण सामाग्रीहरुको प्रयोग गर्ने नीति लिइनेछ।

३३. बर्षायाममा आउने बाढी पहिरोबाट हुने क्षतिको पूर्वसतर्कताका लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

३४. फोहोर संकलन गर्ने कार्यलाई ९ वटै वडाहरुमा विस्तार गरिने नीति लिइनेछ ।

३५. नगर क्षेत्रबाट उत्सर्जन हुने फोहोरलाई उत्पादन स्थलमै कुहिने र नकुहिने फोहोरको रुपमा बर्गीकरण गर्नुका साथै पशुपन्छीका छालाजन्य फोहोरलाई तोकिएको स्थानमा विसर्जन नगर्ने व्यक्तिलाई कानूनको दायरामा ल्याउने नीति लिइनेछ ।

**सामाजिक विकास**

३६. नगर क्षेत्रभित्र रहेका टुहुरा अनाथ असहाय र बेवारिसे बालवालिकाहरुको शिक्षा-दिक्षा र हेरचाहको लागी सम्बन्धित निकायसंग समन्वय गरी व्यवस्थापन गर्ने नीति लिइनेछ ।

३७. बालबालिकाको अधिकार, संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राखी बालश्रममुक्त स्थानीय तह घोषणा गरिनेछ ।

३८. सामुदायिक विद्यालयमा घट्दै गएको विद्यार्थी संख्यालाई मध्येनजर गरी नजिकका विद्यालयहरु कार्यविधि बमोजिम एक आपसमा मर्ज गरिने नीति लिइनेछ ।

३९. नगर क्षेत्रभित्र रहेका युवा, युवतिहरुलाई सामाजिक कुरिति, लागू औषध दुर्व्यसनका सम्बन्धमा सचेत गराई सामाजिक सेवा र आयमुलक कार्यमा लाग्न प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

४०. भीरकोट नगरपालिका भित्र रहेका भीरकोट कालिका, खिलुङ कालिका, राजेन्द्र भवानी, कालिकाकोट मन्दिर, स्वरेककोट मन्दिर र दभुङ कालिका मन्दिरमा परम्परागत रुपमा गर्दिँदै आएको पाठपूजा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ ।

४१. अन्तर विद्यालयको अनुभव, सिकाई र असल अभ्यासलाई आत्मसात गरी शैक्षिक गुणस्तरमा वृद्धी गर्न अन्तर विद्यालय शिक्षक सरुवा गर्ने नीति लिइनेछ ।

४२. नगरपालिका क्षेत्रभित्र मनोसामाजिक विमर्श र मनोसामाजिक परामर्शको कार्यक्रम संचालन गरिनेछ ।

४३. शिक्षा नियमावलीमा रहेका सामुदायिक शिक्षकहरुको आचारसंहिताको कार्यान्वयनलाई कडाईका साथ अगाडी बढाइनेछ।

४४. नगर क्षेत्रभित्र बालविवाह, बहुविवाह महिला हिंसा, बोक्सी प्रथा जस्ता सामाजिक विकृतिहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

४५. भीरकोट नगरपालिका भित्र रहेका जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाई निरन्तरता दिइनेछ ।

४६. नगरक्षेत्र भित्र रहेका विद्यालयहरुमा निःशुल्क वितरण गर्दै आएको भीरकोट पाठ्य पुस्तकलाई संशोधन र परिमार्जन गर्दा  सीप र श्रमसंग आवद्ध हुने गरी परिमार्जन गर्ने नीति लिइनेछ ।

४७. विपन्न तथा गरिब वर्गका नगरबासीहरुको स्वास्थोपचारमा सहयोग गर्नका लागी निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४८. नगरपालिका अन्तर्गत स्वास्थ्यको क्षेत्रमा निरन्तर रुपमा कार्यरत महिला स्वास्थ्य स्वयंसेवकहरुलाई प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

४९. नगर क्षेत्र भित्रका सुत्केरी महिलालाई मासिक रुपमा उपलब्ध गराउदै आएको अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ।

५०. नगरपालिका भित्र रहेका पछाडी परेका गरिब, असहाय, अपांग, दलित, अल्पसंख्यक लगायतका लक्षित वर्ग वा समुदायका नगरवासीहरुलाई घर टहरा, शौचालय निर्माण तथा मर्मत, औषधी उपचार खर्च र अन्य वस्तुगत सहायता उपलब्ध गराउँदा वडा कार्यालयको सिफारिसको आधारमा गर्ने व्यवस्था मिलाईनेछ।

५१. नगरपालिका भित्र रहेका मठ मन्दिर, मस्जिद, पाटी, पौवा र पर्यटकीय स्थलहरुको आवश्यक मर्मत सम्भार तथा संरक्षण गर्ने व्यवस्था मिलाईनेछ।

५२. नगर क्षेत्र भित्र रहेका विभिन्न जातजातीहरुका जात्रा, पर्व, भेषभुषा, भाषाको संरक्षण तथा प्रवर्दन गर्ने व्यवस्था मिलाईनेछ ।

५३. शिक्षालाई सर्वव्यापी, जीवनपयोगी प्रस्तिष्पर्धी एवं गुणस्तरीय बनाउने व्यवस्था मिलाइनेछ ।

५४. आर्थिक सामाजिक, साँस्कृतिक र पूर्वाधार विकासको लागी सक्षम जनशक्ति उत्पादन गर्ने खालको शिक्षा नीति लिइनेछ ।

५५. मदर्शाहरुको संचालन तथा व्यवस्थापनको लागी विगत वर्ष देखि उपलब्ध गराउँदै आएको अनुदान आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

५६. अनाथ, असहाय, टुहुरा अपाङ्गता भएका ब्यक्ति, अशक्त बेबारिसे, हिंसा पिडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुर्नस्थापनाका लागी विविध कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

५७. बिद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई शिक्षण सिकाइमा रहेको असमानता कम गर्न र गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न "एक स्मार्ट विद्यालय" अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

५८. स्थानीय उत्पादन (रैथाने उपज) को उपयोग हुनेगरी आधारभूत तहका विद्यार्थीलाई पोशिलो, ताजा र गुणस्तरीय खाजा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

५९. विद्यालय शिक्षामा प्रभावकारी शिक्षण शिकाईको माध्यमबाट गुणस्तरमा अभिवृद्धी गर्नका लागी शिक्षकहरुको क्षमता विकासको लागी समसामयिक तालिमको व्यवस्था गरिनेछ, साथै विद्यालयमा विज्ञान प्रयोगशाला, इ-लाइब्रेरी, आइसिटी ल्याबको व्यवस्था गरिनेछ, आवश्यकताको आधारमा कक्षाकोठामा "बुक कर्नर" को समेत व्यवस्था मिलाइनेछ ।

६०. समग्र शिक्षाको गुणस्तर अभिवृद्धी गर्न विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारी तथा प्रधानाध्यापकको क्षमता विकासका लागी अन्तरक्रियात्मक तथा छलफल कार्यक्रम संचालन गरिनेछ।

६१. लक्षित समुहका विद्यार्थीहरुको लागी संघीय ससर्त अनुदानमार्फत प्रदान गरिने विभिन्न प्रकारका छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तक तथा सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिनुका साथै कार्यक्रमको प्रभावकारीता अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । साथै स्थानीय विषयको रुपमा रहेको "हाम्रो भीरकोट" पाठ्यपुस्तक समसामयिक रुपमा परिमार्जन तथा छपाई गरी सबै विद्यालयहरुलाई निशुल्क वितरण गरीने नीतिलाई निरन्तरता दिइनेछ ।

६२. समग्र विद्यालय शिक्षा प्रणालीको प्रभावकारीताका लागी विद्यालय शिक्षकको अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न विशेष व्यवस्था मिलाइनेछ ।

६३. उत्कृष्ट अभ्यास गर्ने विद्यालय तथा उत्कृष्ट नतिजा दिने शिक्षकहरुलाई निश्चित मापदण्डको आधारमा आवश्यक प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ साथै उत्कृष्ट व्यवस्थापन गर्ने विद्यालय व्यवस्थापन समितिलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

६४. भीरकोट नगरपालिकामा रहेका महिलाहरुको क्षमता विकास एवं स्वरोजगारका कार्यक्रम संचालन गर्नको लागी महिलासँग उपमेयर कार्यक्रम संचालन गरिनेछ ।

६५. भीरकोट नगरपालिका वडा नं १ मा रहेको भीरकोट खेलमैदान स्तरोन्नती र व्याडमिन्टन कोर्ट निर्माणको लागी संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

६६. भीरकोट प्रज्ञा प्रतिष्ठानको माध्यमबाट भीरकोट नगरपालिकामा रहेका विभिन्न जातजातिको भाषा, धर्म, साहित्य र संस्कृतिको जगेर्नाको लागी विभिन्न कार्यक्रम संचालन गरिनेछ।

६७. विद्यालयको भौतिक सुधार गर्न संघीय तथा प्रदेश स्तरबाट प्रकाशित हुने सूचना बमोजिम प्राथमिकताको आधारमा सिफारिस गरिने र सम्बोधन हुन नसकेको अवस्थामा प्राथमिकताको आधारमा आन्तरिक स्रोतबाट नै विद्यालयको भौतिक सुधार गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

६८. भीरकोट नगरपालिका अन्तर्गत रहेका २ वटा क्याम्पसहरु निरन्तर रुपमा संचालन एवं स्थायीत्वको लागि आवश्यक पहल गरिनेछ ।

६९. बालबालिकाहरुका अन्तर्निहित प्रतिभा प्रस्फुटन हुने अवसर प्रदान गर्नेगरी विद्यालय स्तर र नगरस्तरमा विभिन्न अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ।

७०. बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा भइसकेको हुँदा यसका सूचकहरुलाई दिगोपना र निरन्तरताका लागी विशेष कार्यक्रम संचालन गरिनेछ ।

७१. आयुर्वेद कार्यक्रमको माध्यामबाट नागरिकहरुलाई उपयुक्त आहार विहार ध्यान योग प्रणायमबारे सचेतना कार्यक्रम संचालन गरिनेछ, वडा नं ७ मा रहेको आयुर्वेद औषधालयको भवन मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ साथै ९ वटै वडाहरुमा नागरिक आरोग्य कार्यक्रम विस्तार गरिनेछ ।

७२. भीरकोट नगर अस्पतालको सेवालाई चुस्त दुरुस्त एवं पारदर्शी बनाउनुको साथै आगामी दिनमा आफ्नो आम्दानीबाट संचालन हुन सक्ने अवस्था सिर्जना गर्न पहल गरिनेछ।

७३. स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि, उपकरण र दक्ष जनशक्तिको आपुर्तिलाई सुनिश्चित गर्ने ब्यवस्था मिलाईने छ।

७४. नगरक्षेत्र भित्र पुर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिनुका साथै ९ देखी १४ बर्ष उमेर समुहका बालिकाहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको खोप लगाउने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईनेछ।

७५. नगरपालिकालाई क्षयरोग मुक्त नगरपालिका बनाउनका लागी वडा स्तर देखिनै बिभिन्न कार्यक्रमहरु संचालन गरी नगरलाई क्षयरोग मुक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७६. बालवालिका, गर्भवती, सुत्केरी महिलाहरुमा हुने कुपोषणलाई न्युनिकरणका लागी समुदाय स्तरमा पोषण प्रर्वद्धन कार्यक्रम संचालन गरिनुका साथै बिद्यालयमा अध्ययन गर्ने कोशोरीहरुलाई आईरन फोलिक एसिड चक्की वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

७७. सुरक्षित मातृत्व प्रवर्द्धन गर्न सम्पुर्ण गर्भ परीक्षण (ANC), सुत्केरी पछिको जाँच (PNC) पुरा गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई नगरपालिकाबाट रु. ५०००/- प्रोत्साहन स्वरूप उपलब्ध गराइनेछ।

७८. स्वास्थ्य क्षेत्रको तथ्यांङ्क प्रभाबकारी बनाउन ई.एच.आई.एम.यस. कार्यलाई अगाडी बढाईनेछ साथै स्वास्थ्य कार्यक्रमको प्रगति विवरण पेपरलेस बनाउने नीति अवलम्बन गरिनेछ।

७९. परिवार नियोजन सेवाको उपलब्धतालाई अभिबृद्धी गर्दै महिलाहरुमा हुने प्रजनन् स्वास्थ्य समस्याको समयमै पहिचान गर्न घुम्ती स्वास्थ्य शिविर कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ।

८०. नसर्ने तथा मानसिक रोग, जुनोटिक रोगहरु, स्तनपान सप्ताह लगायत बिभिन्न स्वास्थ्य सम्बन्धी दिवसको माध्यमबाट समुदाय स्तरमा जनचेतना फैलाउने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।

८१. नगर पालिकामा रहेका एकल महिलालाई सचेतना एवं आयमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८२. जेष्ठ नागरिकहरुको हक हित र सुरक्षाको लागि मेयरसंग जेष्ठनागरिक कार्यक्रम संचालन गरिनेछ ।

८३. नगरपालिका क्षेत्रभित्र रहेका दीर्घरोगीहरुको पोषण र औषधिउपचारमा सहयोग उपलव्ध गराउन संघीय सरकारको समन्वयमा आर्थिक सहयोग उपलव्ध गराउने नीति लिइनेछ ।

८४. नगरपालिका भित्र रहेका फरक क्षमता भएका नागरिकहरुलाई सचेतना एवं आय आर्जनको कार्यक्रम सन्चालन गरिनेछ ।

८५. नेपालको राष्ट्रिय जनावर एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण जनावर गाईको उचित संरक्षण र व्यवस्थापनका लागि गौशाला संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**<u>सुशासन तथा संस्थागत विकास</u>**

८६. संघीय तथा प्रदेश सरकार र मातहतका निकायहरुबाट नगरपालिका क्षेत्रमा संचालन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन गरी अभिलेख राख्ने नीति लिइनेछ ।

८७. राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित क्षमता विकास तालिम तथा रोजगारीमा खटिनुपुर्व अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ।

८८. श्रमको सम्मान राष्टको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८९. बैदेशिक रोजगारीमा जानेहरुका लागी जानकारीमूलक सन्देश प्रवाहका लागी पालिका तथा वडास्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

९०. संघीय सरकारबाट स्वीकृत एकीकृत श्रम तथा रोजगार सेवा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८० कार्यान्वयनमा ल्याइनेछ।

९१. स्थानीय तहको रोजगार रणनीति तर्जुमा तथा आन्तरिक रोजगारी प्रवर्द्धन अभियान संचालन गरिनेछ।

९२. नगरपालिका र छिमेकी पालिकाहरुका विचमा अनुभव र असल अभ्यासको सिकाई आदानप्रदानका लागी निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण गर्ने व्यवस्था मिलाईनेछ ।

९३. कार्यालयको दैनिक प्रशासनिक खर्चमा न्यूनीकरण गर्दै लग्नका लागी शिर्षकगत रुपमा अलग-अलग बजेट विनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाईने छ ।

९४. नगरपालिका र अन्तर्गत कार्यालयका प्रशासनिक भवन, कार्यालयमा प्रयोग हुने मेशिनरी औजारहरुलाई चुस्त दुरुस्त बनाउनका लागी आवश्यकताका आधारमा मर्मतसम्भार गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउने व्यवस्था मिलाईने छ।

९५. नगरपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप तथा क्षमताको विकास गर्न आवश्यकताका आधारमा तालिम तथा सिप विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ।

९६. आगामी आर्थिक वर्ष देखि सामाजिक सुरक्षा भत्तालाई वायोमेट्रिक प्रणाली बाट अगाडी बढाउने व्यवस्था मिलाईनेछ ।

९७. नगरपालिकाको आन्तरिक आम्दानी बढाउन सक्ने सम्भाव्य क्षेत्रहरु मध्ये एउटा प्रमुख क्षेत्रको रुपमा ढुङ्गा गिट्टी बालुवा रहेको र त्यसलाई प्रशोधन गरी विक्रि वितरण गर्न सकेमा उल्लेखनिय रुपमा आन्तरिक राजश्व बढाउन सकिने देखिएकाले क्रसर मेशिन स्थापना गर्नका लागी आवश्यक ऐन नियम तर्जुमा गरी क्रसर मेशिन स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

९८. संघीय तथा प्रदेश सरकार लगायतका अन्य कार्यालयबाट नगर क्षेत्र भित्र कार्यान्यवन हुने आयोजना संचालनका लागी सहलगानी गर्ने व्यवस्था मिलाईनेछ ।

९९. विगत वर्षहरु देखि नगरवासीहरुलाई निजहरुको माग निवेदन र वडा कार्यालयहरुको सिफारिसको आधारमा उपलब्ध गराउँदै आएको वस्तुगत सहायताको प्रयोग, त्यसको उपलब्धी र त्यसबाट परेको सकारात्मक तथा नकारात्मक प्रभावको अध्ययन गर्ने व्यवस्था मिलाई अध्ययन प्रतिवेदन र आवश्यकताका आधारमा मात्र बस्तुगत सहायता दिने वा नदिने विषयमा नियमित रुपमा अनुगमन गरि प्राप्त प्रतिवेदनका आधारमा मात्र आगामी आर्थिक वर्षमा त्यसलाई निरन्तरता दिने वा क्रमश घटाउदै लैजाने विषयमा पुनर्विचार गरिनेछ।

१००. नगरपालिका भित्र रहेका सेवा निवृत्त राष्ट्रसेवकहरुको ज्ञान, सीप र अनुभवलाई नगरपालिकाको वृहत्तर हितको लागि उपयोग गर्ने नीति लिइनेछ।

१०१. साविकको जिल्ला विकास समिति वा अन्तर्गतका निकायबाट नगरपालिकामा समायोजन भई आएका कर्मचारीहरु अवकाश हुँदा निजहरुले पाउनुपर्ने सुविधा वापतको रकम उपलब्ध गराउनका लागी कर्मचारी कल्याण कोष कार्यविधि अनुसारको कोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०२. नगरपालिकाले विभिन्न शाखामा संचालन गरिने कार्यलाई सूचना प्रविधिसँग आवद्ध गरी छिटो छरितो र पारदर्शिरुपमा काम गर्ने व्यवस्था मिलाइनेछ ।

**<u>नगरसभा सदस्यज्यू,</u>**

**अन्त्यमा,**

आगामी आर्थिक वर्ष २०८२/८३ को वजेट तथा कार्यक्रम तर्जुमा गर्दा महत्वपुर्ण आधार र मार्गदर्शनको रुपमा यो नीति तथा कार्यक्रमलाई लिइनेछ । नीति तथा कार्यक्रम तयार गर्नको लागी

सहयोग गर्नुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु, नगरस्तरीय राजनीतिक दलका प्रतिनिधी, उद्योग वाणिज्य संघका पदाधिकारीहरु, विभिन्न संघ संस्थाका प्रमुखहरु, राष्ट्रसेवक कर्मचारी मित्रहरु र सम्पूर्ण नगरवासी प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

आज्ञाले,
उदयबहादुर पराजुली
प्रमुख प्रशासकीय अधिकृत